नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २ गते २०३१ साल

श्री ५ को सरकार
वन मन्त्रालयको
सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पोखरा रानीवनको संरक्षण संवर्द्धनको निमित्त गण्डकी अञ्चल, कास्की जिल्ला, पुम्दीलुकुमस्वारा गाउँ पञ्चायत वडा नं. १ फापरस्वारा अन्तर्गतको निम्न-लिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन तथा जग्गा प्राप्ति नियमहरू, २०२६ अनुसार क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व रानीवन, पश्चिम देउराली खोलो, उत्तर जंगल, दक्षिण मूलबाटो यति ४ किल्लाभित्र-को जम्मा तिरो-। ५१ (एकाउन्न पैसा) लाग्ने जम्मा जग्गा बीज माना । ।४।६ (चारमाना छ मुठी) को जग्गा किस्ता – – – – – – १

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।